"गरीबी निवारणमा तपाईको परिश्रम, हाम्रो साथ"

# गणपति लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

# चौथो

## वार्षिक प्रतिवेदन

## २०७६/०७७

गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड

२०७३

# सञ्चालक समिति



श्री युवराज भण्डारी
अध्यक्ष



श्री दिनेश लाल श्रेष्ठ
सञ्चालक
(प्रतिनिधी– गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.)



श्री ईन्द्र बहादुर अधिकारी
सञ्चालक



श्री सजल मास्के
सञ्चालक
(प्रतिनिधी– सर्वसाधारण शेयरधनी)



श्री प्रकाश खरेल
सञ्चालक
(प्रतिनिधी– सर्वसाधारण शेयरधनी)



श्री अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत/
कम्पनी सचिव

सि. ए. शिखा बाग्ला
साझेदार
पि.वाई.सि. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने निवेदन फारम

श्री सञ्चालक समिति
गणपति लघुवित्त वित्तीय संस्था लि.
दुलेगौंडा, तनहुँ ।

बिषय :- प्रतिनिधि नियुक्त गरेको बारे

महाशय,

..................................... जिल्ला .................................. म.न.पा./उ.म.न.पा/न.पा./गा.पा. वडा नं. ................. ..................... बस्ने म/हामी ........................................................................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७७ साल फाल्गुन २८ गते शुक्रवारका दिन हुने चौथो वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिने तथा मतदान गर्नका लागि ............................... जिल्ला................................ म.न.पा./उ.म.न.पा/न.पा./गा.पा. वडा नं. .......................... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................................. हितग्राही खाता नं. .................................. परिचयपत्र नं. ............................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरि पठाएको छु/छौं ।

प्रोक्सी लिनेको दस्तखतः-

निवेदक :-
दस्तखत :-
हितग्राही खाता नं. :-
शेयरधनी परिचय नं. :-
शेयर संख्या :-
मिति :-

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय दुलेगौंडा, तनहुँमा पेश गरिसक्नु पर्नेछ । एकभन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिने छ ।

# गणपति लघुवित्त वित्तीय संस्था लि. को
# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

## आदरणीय शेयरधनी महानुभावहरू

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७/१०/१६ गते शुक्रबारका दिन बसेको ७८ औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७७ साल फाल्गुन २८ गते शुक्रबार (तदानुसार १२ मार्च २०२१) ।

समय : विहानको ११ बजे

स्थान : ह्वाइट हाउस पार्टि प्यालेस, शुक्लागण्डकी न.पा.-४, दुलेगौंडा, तनहुँ ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. २०७७ साल आषाढ मसान्त सम्मको लेखापरिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७६/२०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरिएको रू. ८,७४,३०२.६३ (रू. आठ लाख चौहत्तर हजार तिन सय दुई रूपैंया पैसा त्रिसट्ठी मात्र) नगद लाभांश बोनश शेयरको कर प्रयोजनको लागी पारित गर्ने ।
४. लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७७/२०७८ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री पि.वाई.सि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको १५ प्रतिशतले हुने रू. १,६६,११,७५०/- (रू. एक करोड छैसट्ठी लाख एघार हजार सात सय पचास मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । स्वीकृत बोनस शेयर बमोजिमको पुँजीगत संरचना परिवर्तनका लागी प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।
२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम २ बमोजिम वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना सम्बन्धि विशेष प्रस्ताव छलफल गरि पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरू पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरूको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी जानकारी

१. यस चौथो वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य मिति २०७७ साल फाल्गुन १४ गते देखि मिति २०७७ साल फाल्गुन २८ गते सम्म बन्द रहनेछ । मिति २०७७ साल फाल्गुन १३ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरू मिति २०७७ साल फाल्गुन २० गते भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड, काठमाडौंमा नामसारीको लागी प्राप्त हुन आउने अभिलेखका आधारमा कायम हुने शेयरधनीहरू मात्र लाभांश प्राप्त गर्न, सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ९ बजे नै खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन मिति २०७७ साल फाल्गुन २६ गते विहानको १० बजे (अर्थात् सभा सुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै) कम्पनीको रजिष्टर्ड कार्यालय, दुलेगौंडा तनहुँमा दर्ता गराई सक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए वमोजिमको प्रमाणीकरण गरि गराई सक्कलै प्रोक्सी प्राप्त हुनुपर्ने छ । यस सम्बन्धमा फोटोकपी/फ्याक्स/इमेल इत्यादीबाट प्राप्त हुने/भएको कुनैपनि प्रोक्सी फारम मान्य हुने छैन ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत गरि नसकेको अवस्था एवं सभाको कामकारवाही शुरू हुनुभन्दा अगावै शेयरधनी आफैं सभामा उपस्थिति भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिने छ । तर एकपटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरि अर्को प्रतिनिधि (प्रोक्सी) मुकर्रर गर्नुपरेमा सो को लिखित निवेदन सहित नयाँ प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेको प्रमाणित प्रोक्सी फारम मिति २०७७ साल फाल्गुन २६ गते विहानको १० वजे भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भइसक्नु पर्ने छ । अन्यथा पहिलो मुकर्रर भएको प्रतिनिधि (प्रोक्सी) लाइनै मान्यता दिइने छ ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजना व्यक्तिलाई मात्र मुकर्रर गर्नुपर्नेछ । एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ । एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिईनेछ । संगठित संस्था शेयरधनीको हकमा संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा साधारण शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बामोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरूको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

८. शेयरधनीहरूबाट उठेका प्रश्न जिज्ञासा वा मन्तब्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

९. विविध विषय अर्न्तगत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको केन्द्रिय कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

१०. शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै बस्तु नलिई आउनुहुन र मास्कको अनिवार्य प्रयोगको लागी अनुरोध गरिन्छ । सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरूलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

११. शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनीको संक्षिप्त वार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेवसाइट www.ganapatimicro.com.np मा साथै राष्ट्रिय दैनिक पत्रिकाहरूमा समेत प्रकाशित गरिने छ । कथमकदाचित उक्त विवरण प्राप्त हुन नसकेमा कम्पनीको दुलेगौडा स्थित केन्द्रिय कार्यालयबाट सो विवरण प्राप्त गर्नहुन अनुरोध छ ।

१२. अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

## चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको चौथो वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको साथै मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्न चाहन्छु । आ.व. २०७६/७७ को समग्र वित्तीय विवरणहरू यहाँहरूले अध्ययन गर्नुभएकै होला भन्ने विश्वासका साथ आ.व. २०७६/७७ को समिक्षा अवधिमा संस्थाको आर्थिक अवस्थाको संक्षिप्त विवरण देहाय अनुरूप प्रस्तुत गर्न चाहन्छु ।

| सि. नं. | शिर्षक | २०७६/७७ आषाढ मसान्त |
|---|---|---|
| १ | चुक्ता पुँजी | १२,७३,५६,७५० |
| २ | जगेडा तथा कोषहरू | १,४८,८३,५०१ |
| ३ | कुल निक्षेप | ३०,३९,४९,९७१ |
| ४ | कुल कर्जा | १,२७,५९,८६,१६५ |
| ५ | लगानी | - |
| ६ | संचालन मुनाफा/(नोक्सान) | ३,७७,७६,०१६ |
| ७ | आयकर व्यवस्था | १,०८,०१,२८१ |
| ८ | खुद नाफा/(नोक्सान) | २,३७,९४,००८ |
| ९ | निष्कृय कर्जा | २,३०,८९,७२५ |
| १० | जोखीम व्यवस्था | ३,०२,२८,४०० |

**कार्यक्षेत्र विस्तार**

आ.ब. २०७६/७७ को शुरूमा २८ वटा शाखा कार्यालय रहेकोमा अन्त सम्ममा ८ वटा शाखा कार्यालय थप गरि जम्मा १८ जिल्लाका १३३ गाउँपालीका/नगरपालीकामा ३६ वटा शाखा कार्यालयहरू मार्फत कार्यक्रम संचालन भैरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**जनशक्ति व्यवस्थापन तथा विकास**

आ.ब. २०७६/७७ को शुरूमा जम्मा १४९ जना कर्मचारी रहेकोमा अन्त सम्ममा ४३ जना कर्मचारी थप गरि १९२ जना कर्मचारी कार्यरत रहेको र कार्यक्रम, कार्यक्षेत्रको विस्तार संगै मानव संसाधनको विकास र विस्तार आवश्यक रहने विषयलाई मध्यनजर गर्दै आवश्यक जनशक्तिहरूको ब्यवस्थापन, तालीम तथा वृती विकासका कार्यक्रम संचालन गरि दक्ष जनशक्ति निर्माणमा आवश्यक पहल गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु । साथै कर्मचारीसंग सम्बन्धित सेवा सुविधाहरूलाई समय सापेक्ष बनाउन आवश्यक संसोधन तथा थप गर्दै लगिएको व्यहोरा जानकारी गराउँदछु ।

**चुनौतीहरुको सामना**

आ.ब. २०७६/७७ को अन्तिम त्रैमाशबाट देखिएको कोभिड १९ को प्रभाव स्वरूप शाखा कार्यालयहरूमा केही सदस्यहरू सम्पर्कमा नरहेको, व्यवसायमा परेको नकारात्मक असरको कारण कर्जा तिर्न नसक्ने अवस्थामा पुगेको लगायत लघुवित्त क्षेत्रमा बढ्दै गएको तिब्र प्रतिस्पर्धा, कर्मचारी व्यवस्थापन, ग्राहक दोहोरोपना लगायतका थुप्रै चुनौतीहरू सामन गर्दै हामीले यस वित्तीय संस्थालाई सफलरूपमा आजको अवस्थामा ल्याइपुऱ्याइएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**लागानीमा प्रतिफल**

यस वित्तीय संस्थाको सञ्चालक समिति सम्पूर्ण शेयरधनि महानुभावहरूले देखाउनु भएको विश्वासलाई कायम राख्दै यस वित्तीय संस्थामा भएको लगानीको सुरक्षा तथा उचित प्रतिफल प्राप्त हुने वातावरण तयार पार्न लागिपरिरहेको व्यहोरा अवगत गराउँदछु । साथै यस आर्थिक बर्षमा कर बाहेक पन्ध्र प्रतिशत बोनस शेयर प्रदान गरेकोमा आगामी बर्ष प्रतिफल अझ बढ्ने विश्वासका साथ कार्य भइरहेको व्यहोरा समेत जानकारी गराउँदछु ।

**कारोवारको सिंहावलोकन**

आ.ब. २०७६/७७ को अन्त सम्ममा १८ जिल्लाका १३३ गाउँपालिका/नगरपालिकामा ३६ वटा शाखा कार्यालयहरू मार्फत कार्यक्रम संचालन भैरहेको व्यहोरा अवगत गराउन चाहन्छु, साथै चालु आर्थिक वर्ष २०७७/७८ को पौष मसान्त सम्ममा यस वित्तीय संस्थाले गरेको कारोवार को सिंहावलोकन निम्नानुसार रहेको छ ।

| क्र.स. | विवरण | प्रगति विवरण |
|---|---|---|
| १ | कार्यक्रम संचालन भएको जिल्ला संख्या | १८ |
| २ | शाखा संख्या | ३६ |
| ३ | कार्यक्रम संचालन भएको नगरपालिका/गा.वि.स. संख्या | १४१ |
| ४ | कुल केन्द्र | २,२४५ |
| ५ | कुल समूह | ६,१३२ |
| ६ | कुल सदस्य | २६,३४६ |
| ७ | कुल ऋणी | १६,०४५ |
| ८ | लगानीमा रहीरहेको ऋण रकम (रू.) | १,५६,४८,४४,३१८ |
| ९ | कुल बचत रकम (रू.) | ३९,३०,४१,३५९ |

**आ.ब. २०७७/०७८ को वार्षिक कार्यक्रम**

हालको समग्र वित्तीय वातावरणको परिप्रेक्ष्यमा लघुवित्त वित्तीय संस्थामा प्रचूर संभावनाहरू देखापरेको बावजुद यसका प्रमुख चुनौतीहरूमा कोभिड १९ ले पारेको प्रभावले निम्त्याएका विभिन्न चुनौतीहरूका साथै लघुवित्त वित्तीय संस्थाहरू तथा तिनका शाखाहरूको बढ्दो क्रम संगै बढ्दै गएको प्रतिस्पर्धाका कारण सदस्य तथा कर्जा दोहोरोपनामा नियन्त्रण, भाखा नाघेको कर्जा व्यवस्थापन तथा संचालन खर्चको प्रभावकारी नियन्त्रण रहेको हामीले महशुश गरेका छौं । यसको साथै कोभिड १९ ले वित्तीय क्षेत्रमा पारेको असन्तुलनका कारण पनि लघुवित्त वित्तीय संस्थाहरूले थप चुनौतीहरूको सामना गर्नु परिरहेको छ । यिनै संभावना तथा चुनौतीहरूलाई मध्यनजर गर्दै हामीले सदस्य दोहोरोपना न्यून राख्दै, खराब कर्जालाई क्रमशः व्यवस्थापन गर्दै ग्राहक संख्यामा वृद्धि गर्ने तथा कर्जाको गुणस्तर कायम राखि संभवत न्यून लागतमा संस्था संचालन गरि लघुवित्त कार्यक्रमलाई प्रमुखताका साथ विस्तार गर्दै लैजाने कार्यक्रम तर्जुमा गरेका छौं । सोही वमोजिम आगामि वर्षहरूमा पनि हामी गुणस्तरिय कर्जा लगानी तर्फ विशेष ध्यान दिनेछौं । आ.ब. २०७७/७८ को लागि तर्जुमा गरिएको कार्यक्रमको संक्षिप्त स्वरूप निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.स. | विवरण | निर्धारीत लक्ष |
|---|---|---|
| १ | कार्यक्रम संचालन हुने जिल्ला संख्या | २० |
| २ | शाखा कार्यालय | ४० |
| ३ | कुल केन्द्र | २,९४४ |
| ४ | कुल समूह | ८,५२३ |
| ५ | कुल सदस्य संख्या | ३८,१२४ |
| ६ | बर्षाअन्तमा कायम रहिरहने ऋण रकम (रू.) | १,९९,२०,००,००० |
| ७ | बाँकी बचत (रू.) | ४१,९०,३५,००० |
| ८ | कुल ब्याज आम्दानी (रू.) | ५९,७३,१५,२८५ |
| ९ | संचालन मुनाफा (रू.) | ९,८५,९६,५०१ |

**भावि कार्यक्रमहरु**

राष्ट्रियस्तरको यस वित्तीय संस्थाले संख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रूपमा अगाडी सारेको छ । वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरूमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने कार्यलाई निरन्तरता दिइएको छ । विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेको सेवामुखी सुविधा तथा ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको सहभागीता र उत्साहले नै यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्ने सफलता प्राप्त हुँदै आएको छ । हाल कोभिड १९ का कारण वित्तीय क्षेत्रमा देखिएको असन्तुलन तथा लघुवित्त वित्तीय संस्था विच हुने अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपन, बढ्दो

भाखा नाघेको कर्जा व्यवस्थापन आदी कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्थासंग रहेको मौजदात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसूचकमा कुनै नकारात्मक असर नपर्ने देखिन्छ । यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्नसक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिको तर्जुमा गरि अगाडी बढ्ने नीति यस वित्तीय संस्थाले लिएको छ । यसको साथै संस्थाको भावि प्रमुख कार्यक्रमहरूको संक्षिप्त स्वरूप निम्न बमोजिम रहेको छ ।

**कार्यक्रम विस्तार**

आ.ब. २०७७/०७८ मा यस वित्तीय संस्थाले थप २ जिल्लाका ४ स्थानमा शाखा कार्यालय विस्तार गर्ने लक्ष लिएको छ । विस्तार गर्नुपर्ने शाखा कार्यालयहरू पुँजीकोषको प्रयाप्तता तथा कोभिडको असरलाई मध्यनजर गरि यसै आर्थिक वर्ष भित्र उपयुक्त समयमा खोलिनेछ ।

**आन्तरिक नियन्त्रण प्रणालीको विकास**

लघुवित्त वित्तीय संस्थामा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ रहनु आवश्यक हुने कुरालाई मध्यनजर गर्दै यस आ.ब. २०७७/७८ मा थप जनशक्ती ब्यवस्थापन गरि नियमित रूपमा शाखा कार्यालयको अनुगमन निरिक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यसै गरि आन्तरिक तथा बाह्य लेखापरिक्षक लगायत नियमनकारी संस्थाहरूबाट भएको निर्देशनलाई पालना गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने कार्य भैरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**गाभ्ने/गाभिने तथा प्राप्ती सम्बन्धमा**

यस लघुवित्त वित्तीय संस्थाले गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने कार्यका लागी सञ्चालक समितिलाई पूर्ण अधिकार दिई उक्त कार्य अगाडी बढाउनको लागी पुनः यसै साधारण सभामा विशेष प्रस्ताव पेस गरिएको व्यहोरा जानकारी गराउँदै यस कार्यलाई तिब्ररूपमा अगाडी बढाइने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**संस्थागत सुशासन**

यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरूबाट प्राप्त निर्देशन मुताविक आफ्नो व्यवसाय संचालन गर्दै आएको ब्यहोरा जानकारी गराउन चाहन्छु । यसको साथै यस वित्तीय संस्थाका शेयरधनि प्रति सञ्चालक समिति पूर्ण रूपमा जवाफदेही र उत्तरदायी रहने छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रूपमा आन्तरिक लेखापरिक्षण गराई लेखापरिक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै जाने छ । कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरूलाई अप्ठ्यारो परेको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित सदस्य सुरक्षण कोष, संस्थागत सामाजीक उत्तरदायित्व कोष जस्ता कोष मार्फत वित्तीय संस्था अझ प्रभावकारी रूपमा अगाडी बढ्नेमा हामी विश्वस्त छौं । यस वित्तीय संस्थाको सञ्चालक समितिले संस्थागत सुशासन कायम राख्न विभिन्न उपसमितिहरू गठन गरि कार्य संचालन गर्दै आएको छ । आन्तरिक लेखापरिक्षक, बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन सञ्चालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरि लागु गरिने छ ।

**आभार प्रकट**

यस अवसरमा म यस संस्थाको स्थापनाकाल देखि संस्थालाई सहयोग पुऱ्याउँदै आउनुभएका शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, लेखापरीक्षक, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लिएरिङ्ग लिमिटेड, कर कार्यालय लगायत सम्पूर्णमा कृतज्ञता प्रकट गर्दछु । त्यसैगरि संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूको कर्तब्यनिष्ठता, लगनशिलता एवम् कठीन परिश्रमको सराहना गर्दछु ।

धन्यवाद !

द.
युवराज भण्डारी
अध्यक्ष

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

**क. विगत वर्षको कारोबारको सिंहावलोकन :**

आर्थिक वर्ष ०७६/७७ को संक्षिप्त आर्थिक विवरण अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**ख. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थीतिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर**

अन्तराष्ट्रिय परिस्थितिले हाम्रो संस्थाको कारोबारमा उल्लेखनीय असर नगरे तापनि कोभिड १९ भाइरसका कारण उत्पन्न परिस्थितिले समग्र राष्ट्रिय अवस्था अझै सकारात्मक तथा सहज हुन सकेको छैन । जसका कारण कार्यक्रम विस्तार तथा संचालनमा नै ब्यवधानहरू उत्पन्न भएका छन् । ब्यापार ब्यवसायमा आएको मन्दी, सदस्यहरूको पलायन र लघुवित्त वित्तीय संस्थाहरू बिचमा वढिरहेको तिब्र प्रतिस्पधा, आदी कारणले जोखिमको स्तरलाई बढाएको छ । यस्तो अवस्थामा संस्थाको ग्राहक संख्या वृद्धि गर्न तथा कर्जाको गुणस्तर कायम राख्दै ब्यवसाय वृद्धि गर्दै जान चुनौतीपुर्ण हुने देखिन्छ ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविश्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको अवधारणा :**

यस संस्थाको आ.ब. २०७७/७८ को पौष महिनाको अन्त सम्ममा रू. ११,२०,४१,१६९.३० कुल ब्याज तथा शुल्क आम्दानी रहेको र रू. २४,७१६,४८१.१९ संचालन मुनाफा रहेको छ, साथै पौष महिनाको अन्त सम्ममा संस्थाको लगानीमा रहीरहेको ऋण रकम रू. १,५६,४८,४४,३१७.७४ रहेको छ । संस्थाको आ. व. २०७७/७८ को संक्षिप्त वार्षिक कार्यक्रम तथा भविश्यमा गर्नुपर्ने कुराहरूको सम्बन्धमा सञ्चालक समितिको अवधारणा अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**घ. औद्योगिक तथा व्यवसायिक सम्बन्धमा :**

यस संस्थाले सबै वित्तीय संस्थाहरूसँग व्यवसायिक रूपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लानेछ । त्यसैगरि संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिबद्ध रहेको छ ।

**ङ. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

सञ्चालक सिमितिमा आ.ब. २०७६/७७ मा निम्न अनुसार हेरफेर भएको छ ।

| क्र.स. | सञ्चालकको नाम/थर | हेरफेर भएको मिति | कारण |
|---|---|---|---|
| १. | श्री सजल मास्के | २०७६/०९/०४ | तेस्रो वार्षिक साधारण सभाले नयाँ संञ्चालक नियुक्त गरेको । |
| २. | श्री प्रकाश खरेल | २०७६/०९/०४ | तेस्रो वार्षिक साधारण सभाले नयाँ संञ्चालक नियुक्त गरेको । |
| ३. | श्री अर्चना प्रधान | २०७६/०९/०४ | कार्यकाल समाप्त भएको |
| ४. | श्री शिवराज भण्डारी | २०७६/०९/०४ | कार्यकाल समाप्त भएको |

संस्थाको वर्तमान सञ्चालकहरूमा निम्नानुसारका व्यक्तिहरू कायम रहनुभएको छ ।

| | |
|---|---|
| श्री युवराज भण्डारी | अध्यक्ष |
| श्री दिनेश लाल श्रेष्ठ | सञ्चालक (प्रतिनिधी – गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री इन्द्र बहादुर अधिकारी | सञ्चालक |
| श्री सजल मास्के | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |
| श्री प्रकाश खरेल | सञ्चालक (प्रतिनिधी – सर्वसाधारण शेयरधनी) |

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

कोभिड १९ ले गर्दा समग्र अर्थतन्त्रमा पारेको असर पूर्णरूपले संस्थाको अनुकुल भइ नसकेको अवस्था छ । जसका कारण उत्पन्न भएको जटिल वित्तीय अस्थिरताका कारण भविष्यमा आर्थिक, मौद्रिक तथा वित्तीय नीति र वित्तीय प्रणली तथा अर्थव्यवस्थामा प्रभाव पर्ने हुनसक्छ । नेपाल राष्ट्र बैंक लगायतका नियमक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तबाट सिर्जना हुन सक्ने जोखिमप्रति पनि सजग रहनु परेको छ । साथै बढ्दै गएको कर्जा जोखिमले जोखिम खर्च बढ्न जाने भएको छ । यस्तो अवस्थामा संस्थाको समग्र जोखिम कम गर्नुपर्ने आवश्यकता एकातिर छ भने पुँजीको परिमाण अनुरूपको व्यवसाय विस्तार गरि शेयरधनीहरूको लगानीमा यथोचित प्रतिफल प्राप्त गर्नुपर्ने अर्को चुनौती छ । समयानुकुल उपयुक्त रणनीतिहरू अवलम्बन गरि तमाम प्रतिकुलताहरूका विच संस्थालाई सफलता पूर्वक अघि बढाउने कार्य आगामी दिनमा निकै चुनौतीर्पुर्ण देखिन्छ ।

**छ. लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेखित भएको भए सो उपर सञ्चालक समितिको प्रतिवेदन :**
लेखापरिक्षण प्रतिवेदनमा खासै कैफियत नभएको ।

**ज. लाभांस बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
यस वित्तीय संस्थाले गत आ.ब. २०७६/०७७ को नाफाबाट शेयरधनिहरूका लागी चुक्ता पुँजी रू. ११,०७,४५,००० (रू. एघार करोड सात लाख पैंतालीस हजार मात्र) को १५ प्रतिशतका दरले हुन आउने रकम रू. १,६६,११,७५०/- (रू. एक करोड छैसट्ठी लाख एघार हजार सात सय पचास मात्र) का दरले बोनस शेयर वितरण गर्ने तथा सो बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागी ०.७९ प्रतिशतका दरले हुन आउने रकम रू. ८,७४,३०२.६३ (रू. आठ लाख चौहत्तर हजार तिनसय दुई रूपैंया पैसा त्रिसट्ठी मात्र) का दरले नगद लाभांश गरि जम्मा १५.७९ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव राखेको छ ।

**झ. शेयर जफत भएको भए जफत भएको शेयर संख्या :**
शेयर जफत गरिएको छैन ।

**ञ. कम्पनी र यसको सहायक कम्पनीले विगत आर्थिक वर्षमा गरेको प्रगति :**
यस संस्थाको सहायक कम्पनी छैन ।

**ट. समिक्षा अवधिमा कम्पनी र यसका सहायक कम्पनीसँगको कारोबार र त्यसमा भएको महत्वपूर्ण हेरफेर :**
यस संस्थाको सहायक कम्पनी नभएको ।

**ठ. विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
जानकारी नभएको ।

**ड. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण :**
नभएको ।

**ढ. कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ सम्बन्धि जानकारी :**
अन्य जानकारी प्राप्त नभएको ।

**ण. पुनः खरिद गरिएका शेयरहरुको विवरण :**
शेयरहरूको पुनः खरिद कार्य नभएको ।

**त. आन्तरीक नियन्त्रण व्यवस्था :**
संस्थाले हाल कर्जा अपलेखन नीति, कर्जा निर्देशिका, आर्थिक विनियमावली, कर्मचारी सेवा विनियमावलीका साथै तिनीहरूसँग आवश्यक पर्ने विषयहरू अवलम्बन गर्दै आएको र त्यसै गरि कर्जा समिति, व्यवस्थापन समिति, जोखिम व्यवस्थापन समिति, लेखापरिक्षण समिति, आर्थिक निर्देशन समिति, पदपुर्ति समिति गठन गरिएको छ र भविष्यमा आवश्यक पर्ने नीति नियमहरू तर्जुमा तथा तदनुरूप कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाइ अझ सुदृढ बनाउँदै लगिने छ ।

**थ. समिक्षा अवधिमा भएको कुल व्यवस्थापन खर्च :**

| | |
|---|---|
| कर्मचारी खर्च | रू. ३,२६,०७,५२२/- |
| अन्य सञ्चालन खर्च | रू. १,१८,३८,४६४/- |
| जम्मा खर्च | रू. ४,४४,४५,९८६/- |

**द. लेखापरिक्षण समिति :**

हाल कायम रहेका लेखापरिक्षण समितिका सदस्यहरू देहायबमोजिम रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. | श्री दिनेश लाल श्रेष्ठ, सञ्चालक | – | संयोजक |
| २. | श्री अनित जंग पाण्डे, ना.प्रबन्धक | – | सदस्य |
| ३. | श्री सुरज सापकोटा, अधिकृत | – | सदस्य सचिव |

लेखापरिक्षण समितिका (सञ्चालक मात्रै) सदस्यहरूलाई ४५००/– बैठक भत्ता/प्रति बैठक बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा दिइएको छैन ।

यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, बाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरि सो बाट आएका सल्लाह, सुझाव तथा निर्देशनहरूको परिपालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरूको समीक्षा गरि सुधारका लागि आफ्नो सल्लाह सुझावहरू दिने गरेको छ ।

**ध. कुनै सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको आफन्त वा उनिहरुसँग सम्बन्धित संस्थाहरुले कम्पनीलाई बुझाउन बाँकी रकम :**

केही नभएको ।

**न. सञ्चालक, प्रबन्धक सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई प्रदान गरिएको पारिश्रमिक भत्ता तथा सुविधाहरु :**

आर्थिक वर्ष २०७६/७७ मा सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता स्वरूप जम्मा रू. २,२८,०००/– भुक्तानी गरिएको छ । सो बाहेक सञ्चालकहरूलाई अन्य कुनै सुबिधा दिइएको छैन ।

**प्रमुख कार्यकारी अधिकृत**

आर्थिक वर्ष २०७६/७७ मा प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता तथा सुविधा वापत जम्मा रू २३,००,५०२.७० भुक्तानी गरिएको छ । यसका अतिरिक्त कम्पनीको कर्मचारी नियमावली अनुसारको अन्य सुविधा उपलब्ध गराइएको छ ।

**प. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम :**

नभएको ।

**फ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण :**

नभएको ।

**ब. कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनीहरु विच भएको कारोबारको विवरण :**

दफा १७५ बमोजिम कुनै कारोबार नभएको ।

**भ. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु :**

खुलाउनुपर्ने अन्य कुराहरू नभएको ।

**म. अन्य आवश्यक कुराहरु :**

अन्य आवश्यक कुराहरू नभएको

द.
सञ्चालक समितिको तर्फबाट
युवराज भण्डारी
अध्यक्ष

Regd. with The Institute of Chartered Accountants of Nepal : 56

PYC & ASSOCIATES
Chartered Accountants

A member firm of ECOVIS®

# गणपति लघुवित्त वित्तिय संस्था लिमिटेडका

## शेयरधनी महानूभावहरु समक्ष

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. वित्तीय विवरण माथि लेखापरीक्षकका राय

हामीले **गणपति लघुवित्त वित्तिय संस्था लिमिटेड**को लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं जसमा आषाढ ३१, २०७७ को वित्तीय विवरणको अवस्था तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान विवरण, स्वामित्व कोष (Equity) मा भएको परिवर्तन, नगद प्रवाह विवरण तथा महत्वपुर्ण लेखा सम्बन्धी नीति तथा टिप्पणी हरुको सारको लेखापरीक्षण समावेश रहेका छन् । यी वित्तिय विवरणहरु व्यवस्थापनले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारेको छ ।

प्रतिदावी आधार हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तूत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूरुप तयार भएको बारेमा रायव्यक्त गर्नका लागी पर्याप्त र उपयूक्त आधार प्राप्त गर्न सकेनौं ।

### प्रतिदाबी राय

प्रतिदावी रायको आधार हरफमा उल्लेखित कूराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलोपटक ग्रहण गर्दा चाहिने वित्तीय सुचनाको पूर्नलेखन र थप खूलासा यस लघुवित्तमा पालना नगरिएकोले, यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले प्रर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस लघुवित्तको आ. व. २०७६/२०७७ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तूत गर्दैनौं ।

### २. रायको आधार

हामीले नेपाल लेखापरीक्षणमान अनूसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको *"वित्तीय विवरणहरुप्रति लेखापरीक्षकको जिम्मेवारी"* शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । लघुवित्तको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । विश्वभरी फैलिएको COVID-19 नेपालमा समेत निरन्तर फैलिरहेको अवस्थामा सेवाग्राहीको कार्यस्थलमा भ्रमण गर्न नसकिने गरी सिमितता सिर्जना भएकोले यस अवस्थामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute



PYC & Associates Chartered Accountants Kathmandu Nepal

G.P.O.Box: 12437, Opp. Kumari Bank, Putalisadak, Kathmandu, Nepal
Phone.: 4444009, 4416222, Fax: 00977-1-4436537, Email: info@capyc.com.np

of Chartered Accountants of Nepal) ले जारी गरेको निर्देशन र सुझाव अनुसार वैकल्पिक लेखापरीक्षण प्रक्रिया बमोजिम लेखापरीक्षण गर्न आवश्यक भएको छ । यसको फलस्वरुप लेखापरीक्षण कार्यको लागि सेवाग्राहीका स्थानको भ्रमणमा नगई सेवाग्राहीको व्यवस्थापन बाट हामिलाई उपलब्ध कागजात, जानकारी ,तथ्याङ्क तथा सुचनामा पहुच दिइएको आधारमा हामिले हाम्रो काठमाडौं स्थित कार्यालयबाट off-site प्रकृयाबाट लेखापरीक्षण सम्पन्न गरेका छौं।

हामीले उपरोक्त परिस्थितिमा बित्तिय विवरणहरुको off-site लेखापरीक्षण सम्पन्न गरिएको व्यहोरा प्रयोग कर्ताहरुलाई ध्यानाकर्षण गराउछौं ।

हाम्रो लेखापरीक्षण राय माथि उल्लेखित सम्वन्धमा परिमार्जन गरिएको छैन ।

**प्रतिदावी रायको आधार**

नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमानहरुमा (NFRS) परिर्वतन भएकाले वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा (NFRS) परिवर्तन गर्नूपर्ने र कम्तिमा तिन वित्तीयविवरण, दूई विस्तरित आयको विवरण, दूई आयको विवरण, दूई नगदप्रवाहको विवरण, दूई इक्विटीमा भएको परिर्वतनको विवरण प्रस्तूत गर्नूपर्ने, तर यस लघुवित्तले आफ्ना वित्तीयविवरणहरु परिर्वतित नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनूरुप चाहिने वित्तीय सुचनाको पहिचान, यसको पूर्नलेखन, प्रस्तूती र खूलासा पनि गरेको पाईएन ।

लघुवित्तले आफ्नो बित्तिय विवरणहरु नेपाल बित्तिय प्रतिवेदनमान अनुसार नभई नेपाल राष्ट्र बैंकको निर्देशनमा भएको व्यवस्था बमोजिम तयार पारेकोले उल्लेखित परिवर्तित प्रतिवेदनमानहरु अनूसारको वित्तीय सुचनाको पूर्नलेखन, प्रस्तूत र खूलासा सम्प्रेषणँ नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हूनसक्छ ।

३. **लेखापरीक्षणका मुख्य मामिलाहरु *(Key Audit Matters)***

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन् । सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं ।

थप विषयहरुको खण्डमा उल्लेख भएका विवरण बाहेक लेखापरीक्षण सम्बन्धी अन्य मुख्य व्यहोराहरु नभएको जानकारी गराउँदछौं ।

PYC & Associates Kathmandu Nepal Chartered Accountants

पेज २/५

४. **वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्वन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा लघुवित्त अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नता सँग सम्वन्धित जानकारीहरु खुलासा गर्ने दायित्व लघुवित्त व्यवस्थापनमा रहेको छ ।

लघुवित्त वित्तीय प्रतिवेदन प्रकृया सम्वन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

५. **वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु तथ्यको गलत विवरण जालसाजीवा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई उपयुक्त निस्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजीवा गल्तीबाट निम्तिन्छन् र ती त्रुटिहरुको भौतिकतामापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

यस शिर्षक सम्वन्धी अन्य कुराहरु *परिशिष्ट १* मा उल्लेख गरेका छौं ।

६. **अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ सन्तोसजनक पायौं ।

(ख) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्वन्धित असार ३१, २०७७ को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफानोक्सान बाडफाड हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन सम्वन्धी विवरण, नगद प्रवाह विवरण र लेखा सम्वन्धी विवरण र संलग्न अनुसूचीहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै लघुवित्तले राखेको हिसाब किताव, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

(ग) नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार लघुवित्तले व्याज आम्दानी नगदप्राप्तिको आधारमा लेखाकंन गरेको छ ।

BYC & Associates Kathmandu Nepal Chartered Accountants

पेज ३/५

(घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् लघुवित्तको खाताहरुको परीक्षण गर्दा लघुवित्त संचालक समिति वात्यसको सदस्यहरु वा कुनै प्रतिनिधी वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा लघुवित्तको सम्पत्ति हिनामिना गरेको वा लघुवित्तको हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा लघुवित्तको नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रयाप्त पुँजीकोष तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था रहेको पाइयो ।

(च) लघुवित्तले नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप कार्य गरेको पाइयो ।

(छ) स्थिर सम्पत्तिको ह्रासकट्टी नेपाल लेखामान अन्तगर्त नभएको पाइयो । आर्थिक वर्षमा खरीद गरि प्रयोगमा ल्याइएका स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर ऐनको व्यवस्था बमोजिम लेख्ने नीति रहेको छ ।

(ज) लघुवित्तले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

(झ) लघुवित्तमा लेखा सम्वन्धी कुनै जालसाजी भएको तथा लघुवित्तको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

(ञ) संस्थाले कर्मचारी सेवा विनियमावली अनुसार उपदान व्यवस्था यस आ.व मा गरेको पाईएन ।

(ट) लघुवित्तले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

PYC & Associates Kathmandu Nepal Chartered Accountants

सि.ए. शिखा बाग्ला
साझेदार
पि. वाई. सी. एण्ड एसोसिएटस्
चार्टर्ड एकाउन्टेण्ट्स

मिति : २०७७/०९/२२

स्थान : तनहुँ, नेपाल

UDIN No : 210106CA00866UFurC

पेज ४/५

**परिशिष्ट १**

लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौं । वित्तीय विवरणहरु जालसाजी वा भूलबाट हुन सक्ने भौतिक सारभूत त्रुटिहरुको पहिचान र जोखिमको मूल्याकंन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौं ।

- भूलबाट हुने त्रुटि भन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।

- व्यवस्थापनले प्रयोग गरेका लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकंन गरेका छौं ।

- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिँदैन ।

- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्णरुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरु लाई निराकरण गर्ने उपायहरु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।

- वित्तीय विवरणहरुको समग्र ढाँचा लेखानीति एवम् टिप्पणीहरुको उचित प्रस्तुति रहेको छ ।

PYC & Associates Kathmandu Nepal Chartered Accountants

पेज ५/५

२०७७ साल असार मसान्तको

**वासलात**

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| १. शेयर पुँजी | ४.१ | १२७,३५६,७५० | ११०,७४५,००० |
| २. जगेडा तथा कोषहरू | ४.२ | १४,८८३,५०१ | ९,१५४,३२१ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४.४ | ८६५,९०१,७६८ | ५८९,९६२,२९३ |
| ५. निक्षेप दायित्व | ४.५ | ३०३,९४९,९७१ | २३७,२३४,६०५ |
| ६. प्रस्तावित नगद लाभांश | | ८७४,३०३ | ३८१,३१६ |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | १९,५०७,२११ | ११,३५५,७०५ |
| **कुल पुँजी तथा दयित्व** | | **१,३३२,४७३,५०४** | **९५८,८३३,२४०** |

| सम्पत्ति | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | ८९७,१३० | २०,००० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | ६,२००,००० | ४,३००,००० |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ३,८३२,९५९ | १,५३९,३४१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | २८,३०४,०१४ | ५९,८८७,९५० |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | १,२७५,९८६,१६५ | ८७७,५४३,४८२ |
| ७. स्थिर सम्पत्ति | ४.१० | ८,६९७,१३५ | ९,१५८,८२१ |
| ८. गैर-बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ८,५५६,१०१ | ६,३८३,६४६ |
| **कुल सम्पत्ति** | | **१,३३२,४७३,५०४** | **९५८,८३३,२४०** |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरूको घोषणा | अनुसूची ४.२३ |
| पुँजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) |
| प्रमुख सूचकाङ्कहरू | अनुसूची ४.२५ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरू | अनुसूची ४.२७ |

४.१ देखि ४.१३ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि.ए. शिखा बाग्ला
साझेदार
पि.वाई.सि. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
सजल मास्के
सञ्चालक

द.
प्रकाश खरेल
सञ्चालक

स्थान : तनहुँ
मिति : २०७७/०९/२२

## नाफा–नोक्सान हिसाब
मिति २०७६/०४/१ देखि २०७७/०३/३१

| विवरण | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | २०३,८३४,००४ | १३४,६१९,०७८ |
| २. ब्याज खर्च | ४.१५ | १०९,२२०,८५४ | ७४,११४,३०३ |
| **खुद ब्याज आम्दानी** | | **९४,६१३,१५०** | **६०,५०४,७७५** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ३२,४६२,२५८ | ३३,६०८,१०५ |
| ४. सटही घटवढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **१२७,०७५,४०८** | **९४,११२,८८०** |
| ५. कर्मचारी खर्च | ४.१७ | ४८,३८८,०६२ | ३१,८३७,४६६ |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | २१,८०६,४६३ | १९,५४५,०६२ |
| ७. सटही घटवढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **५६,८८०,८८३** | **४२,७३०,३५२** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.१९ | २५,९४४,०९५ | ५,३५२,५४९ |
| **सञ्चालन मुनाफा** | | **३०,९३६,७८८** | **३७,३७७,८०३** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | ७८,००९ | १,६३४,२१२ |
| १०. सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | ४.२१ | ६,७६१,२१९ | १,९३१,४१२ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | **३७,७७६,०१६** | **४०,९४३,४२७** |
| ११. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **३७,७७६,०१६** | **४०,९४३,४२७** |
| १२. कर्मचारी बोनस ब्यबस्था | | ३,७७७,६०२ | ४,०९४,३४३ |
| १३. आयकर व्यवस्था | | | |
| यस वर्षको कर व्यवस्था | | १०,८०१,२८१ | ६,८५८,३२७ |
| विगत वर्षसम्मको कर व्यवस्था | | | |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | ५९६,८७५ | १२४,५८३ |
| **खुद नाफा/नोक्सान** | | **२३,७९४,००८** | **३०,११५,३४०** |

४.१४ देखि ४.२२ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि.ए. शिखा बाग्ला
साझेदार
पि.वाई.सि. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
सजल मास्के
सञ्चालक

द.
प्रकाश खरेल
सञ्चालक

स्थान : तनहुँ
मिति : २०७७/०९/२२

## नाफा–नोक्सान बाँडफाँड हिसाब

मिति २०७६/०४/१ देखि २०७७/०३/३१

| विवरण | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | | १,०५७,६७० | – |
कर्जा तथा सापटबाट प्राप्त हुने ब्याजलाई नेपाल राष्ट्र बैंकको निर्देशानानुसार नगद प्राप्तीको आधारमा आम्दानी बाँधिएको छ, जुन नेपाल लेखामान-७ मुताविक छैन । लगानीमा प्राप्त व्याज उपार्जनको आधार (Accrual Basis) अनुसार गणना गरिएको छ ।

**५) आयकर व्यवस्था**

कम्पनीले आयकर ऐन, २०५८ र सो मा समय समयमा भएको संशोधनको आधारमा आयकर ब्यवस्था गरिने नीति अपनाइएको छ । बढि तथा कम आयकर ब्यवस्था भएमा अन्तिम कर निर्धारण गर्दा सोही बखत आवश्यक समायोजन गर्ने नीति अपनाइएको छ ।

नेपाल लेखामान ९ अनुसार सम्पति तथा दायित्वको आधारमा स्थगन गरिएको करको लेखाङ्कन गरिएको छ । वित्तीय विवरण अनुसार सम्पति तथा दायित्वको रकम तथा करका आधार बिच फरक भई सृजना हुने अस्थाई अन्तर (Temporary Difference) को कारणले भविष्यमा सृजना हुने कर दायित्व तथा सम्पतिको लागत राख्ने उदेश्यले स्थगन करको लेखाङ्कन गरिएको छ । नेपाल लेखामान तथा

नेपाल राष्ट्र बैकको निर्देशिकाले निर्दिष्ट गरे बमोजीम वित्तीय विवरणमा स्थगन कर सम्पति तथा दायित्वलाई समायोजन (Netted Off) गरि सोही अनुसार वासलातमा स्थगन आयकर सम्पति तथा दायित्व अन्तर्गत लेखाङ्कन गर्ने नीति लिइएको छ । स्थगन कर सम्बन्धी उपरोक्त लेखाङ्कन क्रियाकलापका कारण सम्पत्ति सृजना भएमा सो रकम नाफा नोक्सान बाँडफाँड हिसावमा आम्दानी लेखने नीति रहेको छ ।

**६) लगानी**

बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेपलाई लागतको हिसाबमा मुल्याँकन गरिएको छ ।

**७) गैर बैकिंङ्ग सम्पत्ति**

असुल हुन नसकेको कर्जाको सुरक्षणको रूपमा रहेको सम्पत्तिलाई कर्जा असुलीको क्रममा कम्पनीले सकार गर्दा त्यसलाई गैर बैंकिङ्ग सम्पत्तिमा देखाउने गरेको छ । धितो सकार गर्दा धितोमा रहेको सम्पत्तिको बजार मूल्यलाई ध्यानमा राखि कुल वक्यौता (व्याज रकम समेत) कर्जा रकम वा बजार मूल्यमा जुन कम हुन्छ सोहि मूल्यमा सकार गर्ने नीति रहेको छ। नेपाल राष्ट्र बैंकले दिएको निर्देशन वमोजिम यी सम्पत्तिको नोक्सानी व्यवस्था गर्ने र यस्तो व्यवस्था रकमलाई सोही सम्पत्तिबाट न्युन गरि देखाउने नीति अपनाइएको छ। कम्पनीले सकार गरेको सम्पत्ति बेचविखन गर्दा आउने फरक रकममा त्यसमा गरिएको व्यवस्थालाई समायोजन गरि बाँकी रहेको रकमलाई सोही वर्ष नाफा नोक्सान हिसाबमा समायोजन गर्ने नीति रहेको छ । कम्पनीले हालसम्म गैर बैकिंङ्ग सम्पत्ति सकारेको छैन ।

**८) पुँजीकृत नगरिने सम्पत्तिहरु**

संस्थाद्धारा रू ५०००/- भन्दा कम मूल्य पर्ने पुँजीगत सामानहरूलाई पुँजीकरण नगरि खरीद भएको बर्षमा नै खर्च लेख्ने नीति अपनाइएको छ ।

**९) व्याज खर्च**

निक्षेप तथा सापटीमा तिर्नुपर्ने ब्याजलाई उपार्जनको आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ ।

**१०) कर्जा तथा सापट**

कर्जा तथा सापटबाट समूहगत जमानीमा लघुवित्तका आधारभुत सिद्धान्त भित्र रहेर धितो र बिना धितो प्रदान गरिएको छ । कर्जा तथा सापटलाई समय समयमा सिंहावलोकन गरि नेपाल राष्ट्र बैंकको निर्देशनानुसार वर्गिकरण गरिएको छ । कर्जा तथा सापटबाट सो बापत गरिएको व्यवस्था घटाई खुद रकम देखाइएको छ ।

**११) कर्जा नोक्सानी व्यवस्था**

कर्जा तथा सापटलाई नेपाल राष्ट्र बैंकको निर्देशनानुसार वर्गिकरण गरि सोहि अनुरूप १% देखि १००% सम्मको परिधिमा रहि कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।

कोरोना भाइरसको संक्रमणको कारण बैंक तथा वित्तीय संस्थामा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दैनेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. २/०७७ को बुँदा नं. २ को उपबुँदा नं. (अ) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर २०७७ असार मसान्तसम्ममा भुक्तानी गर्नुपर्ने साँवा र ब्याज रकम असुल हुन नसकेको अवस्थामा भाखा नाघेको अवधिको आधारमा तल्लो वर्गमा वर्गीकरण गर्नुपर्ने कर्जाहरूको लागि ५ प्रतिशत र किस्ताको ब्याज असुल भई साँवा रकम मात्र बक्यौता रहेका कर्जाको लागि २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ भनि निर्देशन दिएकोमा सोही अनुरूप कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

| विवरण | कर्जा | कर्जा नोक्सानी व्यवस्था |
|---|---:|---:|
| १% | १,००७,२०३,६८६ | १०,०७२,०४३ |
| २% | १६८,९३८,२९१ | ३,३७८,७६६ |
| ५% | १०६,९८२,८६४ | ५,३४९,१४३ |
| २५% | ४,३१६,८१३ | १,०७९,२०३ |
| ५०% | १६,९३८,७३३ | ८,४६९,३६७ |
| १००% | १,८३४,१७८ | १,८३४,१७८ |
| अतिरिक्त | | ४५,७०० |
| कुल | १,३०६,२१४,५६५ | ३०,२२८,४०० |

यस लघुवित्त वित्तीय संस्थाले नयाँ कर्जाको हकमा कर्जा स्वीकृत भएको महिना समाप्त भएको १५ दिन भित्र तथा अन्य कर्जाको विवरण हरेक त्रयमास समाप्त भएको १५ दिन भित्र कर्जा चुक्ता नभएसम्म कर्जाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनु पर्ने व्यवस्थाको

पालना गरेको छ ।

**१२) कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था**

वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट रकम असुल उपर गर्दा त्यस्तो असुल रकम मध्येबाट सर्वप्रथम असुल उपर गर्नुपर्ने ब्याज रकम सम्पूर्ण रूपमा असुल उपर भएपछिको अवस्थामा मात्र बाँकी रकम साँवामा आवश्यक हिसाव मिलान गर्न नीति अपनाएको छ।

**१३) अपलेखन हुन बाँकी खर्च (सफ्टवेयर र वेवसाइट खर्च)**

अपलेखन हुन बाँकी खर्चहरू व्यवस्थापनले निर्धारण गरेको समयावधि भित्र अपलेखन गरिने छन् । यसै अनुरूप सफ्टवेयर विकास तथा वेवसाइट विकासमा भएको खर्चलाई पाँच वर्षमा अपलेखन गरिने छ ।

**१४) कर्मचारी बोनस व्यवस्था**

बोनस ऐन, २०३० र सोमा भएको संसोधन बमोजिम कर्मचारी बोनस बापत ब्यवस्था गरिने नीति अपनाइएको छ ।

**१५) कर्मचारी उपदान व्यवस्था**

कर्मचारी सेवा विनियमावली अनुसार उपदान व्यवस्था गरिने नीति अपनाइएको छ ।

अनुसूची ४.२७

# लेखासंग सम्बन्धि टिप्पणीहरू

**१. कर्जा तथा सापट प्रवाह, असुली तथा साँवा ब्याज अपलेखनको सारांश :**

कम्पनीको आ.ब. २०७६/७७ मा वितरण भएको कर्जा र असुलीको विवरण यस प्रकार रहेको छ।

| विवरण | रकम रू. |
|---|---|
| कर्जा तथा सापटको शुरू मौज्दात | ८८८,५८९,००५ |
| बर्षभरिमा गरिएको कर्जा प्रवाह | १,४४२,२३०,७०० |
| बर्षभरिमा गरिएको कर्जा असुली | १,०२४,६०५,१४० |
| अपलेखन गरिएको कर्जा तथा सापट | ० |
| अपलेखन गरिएको ब्याज | ० |
| **३१ असार २०७७ को मौजदात** | **१,३०६,२१४,५६५** |

**२. निक्षेप दायित्वमा भएको परिवर्तनको विवरण :**

कम्पनीले आ.ब. २०७६/०७७को निक्षेप हिसाबमा भएको परिवर्तन विवरण यस प्रकार रहेको छ।

| विवरण | आषाढ २०७७ को मौजदात (रु.) | आषाढ २०७६ को मौजदात (रु.) | परिवर्तन (रु.) | परिवर्तन % |
|---|---|---|---|---|
| अनिवार्य निक्षेप | १०१,९१८,२१८ | ७२,१५१,८६१ | २९,७६६,३५७ | ४१.२६ |
| स्वेच्छिक निक्षेप | १९५,८९५,६६७ | १६१,४४०,४४४ | ३४,४५५,२२३ | २१.३४ |
| अन्य निक्षेप | ६,१३६,०८६ | ३,६४२,३०० | २,४९३,७८६ | ६८.४७ |
| **कुल निक्षेप दायित्व** | **३०३,९४९,९७१** | **२३७,२३४,६०५** | **६६,७१५,३६६** | **२८.१२** |

**३. भारित औषत व्याज दर :**

कम्पनीको आ.ब. २०७६/०७७ को भारित औषत व्याजदर निम्न बमोजिम रहेको छ।

| विवरण | प्रतिशत (%) |
|---|---|
| कर्जा र लगानीको औषत दर (क) | १७.०५ % |
| निक्षेपको औसत दर (ख) | ६.६७ % |
| कर्जा सापटको औसत दर (ग) | १०.०० % |
| भारित औषत व्याजदर(घ) | ९.१२ % |
| खुद अन्तर (क–घ) | ७.९३ % |

**४.अपलेखन हुन बाँकी खर्च :**

| बिवरण | शुरु मौज्दात | पुँजीकृत रकम | यस वर्षको अपलेखन रकम | अपलेखन हुन बाँकी रकमहरु |
|---|---|---|---|---|
| | (रू) | (रू) | (रू) | (रू) |
| शफ्टवेयर खर्च | ८८८,१८० | ३१६,४०० | ३२७,७०० | ८७६,८८० |
| वेबसाईट डिजाईन खर्च | २५,३१२ | ० | ९,०४० | १६,२७२ |
| **जम्मा** | **९१३,४९२** | **३१६,४००** | **३३६,७४०** | **८९३,१५२** |

**५. एकाग्रताको विवरण**

वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व सँग सम्बन्धित तथा वासलात वाहिरको कारोवार कुनै एक व्यक्ति, फर्म, संघ संस्था तथा कुनै एक क्षेत्रमा अधिकेन्द्रित भई नेपाल राष्ट्र बैंकको निर्देशनको सिमा भन्दा बढी भएको छैन।

६. सम्पत्ति तथा दायित्वको भुक्तानी अबधिको आधारमा वर्गिकरण यस प्रकार छ :

रू. (हजारमा)

| | १-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्ष भन्दा वढी | कुल रकम |
|---|---|---|---|---|---|---|
| सम्पत्ति | | | | | | |
| नगद मौज्दात | ८९७ | | | | | ८९७ |
| बैंक तथा वित्तीय संस्था मौज्दात | ३,८३२ | | | | | ३,८३२ |
| विदेशी बैंकमा गरिएको लगानी | | | | | | |
| मागेको बखत प्राप्त हुने रकम (Call Money) | २८,३०४ | | | | | २८,३०४ |
| नेपाल सरकारको ऋणपत्र | | | | | | |
| नेपाल राष्ट्र वैंकको ऋणपत्र | | | | | | |
| अन्तर बैंक तथा वित्तीय संस्था कर्जा | | | | | | |
| कर्जा सापट | ११४,८३९ | ११४,८३९ | ११४,८३९ | ११४,८३९ | ८१६,६३० | १,२७५,९८६ |
| पाउनु पर्ने ब्याज | | | | | | |
| रिभर्स रिपो | | | | | | |
| अन्यसम्पत्ति | ८५५ | ८५५ | ८५५ | ८५५ | ५,१३६ | ८,५५६ |
| **कुल सम्पत्ति** | **१४८,७२७** | **११५,६९४** | **११५,६९४** | **११५,६९४** | **८२१,७६६** | **१,३१७,५७५** |
| चल्ती निक्षेप | | | | | | |
| वचत निक्षेप | ६,०७९ | ९,११८ | ९,११८ | ९,११८ | २,७०,५१६ | ३,०३,९४९ |
| मुद्धती निक्षेप | | | | | | |
| ऋणपत्रहरू | | | | | | |
| सापटीः | | | | | | |
| माग/अल्प सुचना | | | | | | |
| अन्तर बैंक/वित्तीय संस्था | २५,९७७ | ५१,९५४ | ६९,२७२ | ८६,५९० | ६३२,१०८ | ८६५,९०१ |
| पुनरकर्जा | | | | | | |
| अन्य | | | | | | |
| सन्ड्री केडीटर्स | | | | | | |
| भुक्तानी दिनुपर्ने विल | | | | | | |
| भुक्तानी दिनुपर्ने ब्याज | | | | | | |
| Provision | | | | | | |
| अन्य दायित्व | ६३८ | | | | १८,८६९ | १९,५०७ |
| **कुल दायित्व** | **३२,६९४** | **६१,०७२** | **७८,३९०** | **९५,७०८** | **९२१,४९३** | **१,१८९,३५७** |
| **खुद वित्तीय सम्पत्ति** | **११६,०३३** | **५४,६२२** | **३७,३०४** | **१९,९८६** | **(९९,७२७)** | **१२८,२१८** |
| **सञ्चित खुद वित्तीय सम्पत्ति** | **११६,०३३** | **१७०,६५५** | **२०७,९५९** | **२२७,९५४** | **१२८,२१८** | |

**७. आफ्नो सम्पत्ति धितो राखी लिएको सापटी विवरण**

वित्तीय संस्थाले लिएको कर्जामा सुरक्षणको रूपमा आफ्नो सम्पत्ति धितो राखेको छैन ।

**८. गैर बैकिङ्ग सम्पत्ति**

२०७७ आषाढ मसान्तसम्म वित्तीय संस्थाले कर्जा असुलीको सिलसिलामा धितो लिलाम बिक्री नभई आफैले सकार गर्नुपर्ने अवस्था नआएकोले वित्तीय संस्थाको नाममा गैर बैकिङ्ग सम्पत्ति रहेको छैन ।

**९. चुक्ता पूँजीमा भएको परिवर्तन**

आर्थिक बर्ष २०७६/०७७ मा कम्पनीले चुक्ता पुँजीको ७ प्रतिशतले हुने रू. ७,२४५,०००/- बोनश शेयर (२०७५/७६ को) वितरण गरि हाल कम्पनीको चुक्ता पुँजी रू. ११०,७४५,००० रहेको छ । कम्पनीको चुक्ता पुँजी मध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance), भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिसकेका (Forfeited But Not Issued) शेयरहरू नरहेको ।

**१०. साधारण जगेडा कोष**

"बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को परिच्छेद (छ) को दफा ४४ अनुसार आयकर पछिको नाफामा न्यूनत्तम २० प्रतिशत साधारण जगेडा कोषमा राख्नु पर्ने व्यवस्थानुसार यस बर्ष रू. ४,७५८,८०२ उक्त कोषमा सारिएको छ ।

**११. प्रस्तावित शेयर तथा नगद लाभांश**

यस वित्तीय संस्थाले आ.ब. २०७६/०७७ को नाफाबाट शेयर धनिहरूका लागी चुक्ता पुँजी रू. ११,०७,४५,००० (रू. एघार करोड सात लाख पैंतालीस हजार मात्र) को १५ प्रतिशतका दरले हुन आउने रकम रू. १,६६,११,७५०/- (रू. एक करोड छैसट्ठी लाख एघार हजार सातसय पचास मात्र) का दरले बोनस शेयर वितरण गर्ने तथा सो बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागी ०.७९ प्रतिशतका दरले हुन आउने रकम रू. ८,७४,३०२.६३ (रू. आठ लाख चौहत्तर हजार तिनसय दुई रूपैंया पैसा त्रिसट्ठी मात्र) का दरले नगद लाभांश गरि जम्मा १५.७९ प्रतिशत लाभांश वितरण गर्न प्रस्ताव गरेको छ ।

**१२. ब्याज आम्दानी तथा ब्याज मुल्तब**

नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार कर्जा तथा सापटबाट आर्जित ब्याज आम्दानीलाई नगद प्राप्तिको आधारमा मात्र आम्दानी देखाउने प्रावधान अनुरूप आर्थिक बर्षको मशान्तसम्ममा कर्जाको असुल गर्न बाँकी ब्याज रकमलाई अनुसूचिमा उल्लेख गरि ब्याज मुल्तवी हिसावमा सारिएको छ । वर्षान्तमा ब्याज मुल्तवी हिसावमा रू. १८,७७०,७६० रकम रहेको छ ।

यस व्यवस्था अन्तर्गत २०७७ आषाढ मसान्तसम्म मिती २०७७/०१/१६ को सूचनामा उल्लेख भए बमोजिम ग्राहकहरूलाई कर्जामा प्रदान गरिएको कुल ब्याज छुट रकम रू. १,८८३,१३४ रहेको छ ।

त्यस्तै ऋणीले २०७६ चैतमा भुक्तानी गर्नुपर्ने कर्जाको किस्ता सोही महिनामा भुक्तानी गरेमा ब्याजमा १० प्रतिशत छुट पाउने व्यवस्था बमोजिम नेपाल सरकारले गरेको लकडाउनका कारण मिति २०७६ चैत्र ११ गते पछि किस्ता बुझाउने ग्राहक सदस्यहरूलाई प्रदान गरेको छुट रू. १७,१३८ रहेको छ ।

**१३. कर्जाको ब्याज सम्बन्धि :**

मौद्रिक नीतिको कोभिड १९ को सन्दर्भमा गरिएका प्रमुख नीतिगत व्यवस्था बमोजिम कर्जाको २०७६ चैत्र ११ मा कायम ब्याजदरमा आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको लागि लघुवित्त वित्तीय संस्थाको हकमा ३ प्रतिशतविन्दुले ऋणीलाई ब्याज छुट दिनुपर्ने व्यवस्था गरिएकोमा सोही अनुरूप कर्जाको ब्याज तोकिएको छ ।

**१४. हिसाव मिलानको अवस्था**

वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खाताको हिसाब मिलान भईसकेको छ ।

**१५. श्रोत परिचालन**

नेपाल राष्ट्र बैंकले तरलता सम्बन्धि जोखिमलाई न्युनिकरण गर्ने उद्देश्यले जारी गरेको वित्तीय संस्थाको श्रोत परिचालनको मापदन्ड अनुरूप प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय स्रोत सङकलनं गर्न पाउनेमा २०७७ चैत्र मसान्त सम्म प्राथमिक पुँजीको ८.३७ गुणा मात्र सङकलन गरिएको छ ।

**१६. आयकर**

क) प्रस्तुत वर्षमा आयकर ऐन, २०५८ को व्यवस्था अनुसार स्वयंकर निर्धारणको आधारमा कर योग्य आय कायम गरि आयकर वापत रू. १०,८०१,२८१ व्यवस्था गरिएको छ ।

ख) स्थगन कर (Deferred Tax)

आयकर विवरण तथा वित्तीय विवरण बिच सम्पत्ति दायित्वमा हुन आउने अस्थायी फरकको गणना गरि भविष्यमा समायोजन हुने फरकहरूलाई हाल कायम ३० प्रतिशत करको दरमा स्थगन करको गणना निम्नानुसार गरिएको छ ।

| विवरण | रु. |
|---|---|
| स्थिर सम्पतिमा स्थगन कर सम्पति | (१७३,७७९) |
| अदृश्य सम्पतिमा स्थगन कर सम्पति | २७७,७१८ |
| ब्यवस्थामा स्थगन कर सम्पति | ६३०,२२८ |
| **खुद स्थगन कर सम्पति** | **७३४,१६७** |
| अघिल्लो आ.व.को स्थगन कर सम्पति | १३७,२९२ |
| **यस आ.व.मा नाफा नोक्सान खातामा देखाईएको** | **५९६,८७५** |

आयकर गणना प्रयोजनको लागि निर्धारित आय तथा वित्तीय विवरण अनुसारको नाफाको अन्तर सम्बन्ध निम्न बमोजिम छ

| विवरण | रकम |
|---|---|
| लेखा अनुसारको नाफा | ३३,९९८,४१४ |
| निर्धारित करको दर ३० % ले हुने रकम<br>कर योग्य आय निर्धारण गर्दा दावी गर्न नपाउने खर्च/समावेश गर्न नपर्ने आयको समायोजनवाट करमा पर्ने फरक रकमः | १०,१९९,५२५ |
| ह्रास खर्च –१५२३५२ | ४५,७०५ |
| मर्मत तथा संभार - ८३६७६१ | २५१,०२८ |
| बिदा वापतको व्यवस्था - १०१६७४३ | ३०५,०२३ |
| स्थगन कर खर्च/(आम्दानी ) | ६०१,७५६ |
| **खुद कर खर्च** | **१०,८०१,२८१** |

**१७. मुख्य व्यवस्थापकीय पदाधिकारीहरुको तलव भत्ता तथा सुविधा :**

| विवरण | पद | पारिश्रमिक तथा भत्ता (रु.) |
|---|---|---|
| श्री युवराज भण्डारी | अध्यक्ष | ६४,५००.०० |
| श्री दिनेश लाल श्रेष्ठ | सञ्चालक | ४५,०००.०० |
| श्री इन्द्र बहादुर अधिकारी | सञ्चालक | ३७,५००.०० |
| श्री सजल मास्के | सञ्चालक | २७,०००.०० |
| श्री प्रकाश खरेल | सञ्चालक | ३३,०००.०० |
| श्री अर्चना प्रधान | भतपुर्व सञ्चालक | ९,०००.०० |
| श्री शिवराज भण्डारी | भतपुर्व सञ्चालक | १२,०००.०० |
| श्री अच्युत राज सापकोटा | प्रमुख कार्यकारी अधिकृत | २,३००,५०२.७० |

**१८. सामाजिक उत्तरदायित्व कोष**

यस आर्थिक बर्षमा सामाजिक उत्तरदायित्व कोषमा खुद नाफाको १ % ले हुने रकम रू. २३७,९४० व्यवस्था गरिएको छ । साथै यस आर्थिक बर्षमा सामाजिक उत्तरदायित्व कोषबाट रू २१८,४९५ खर्च गरिएको छ ।

त्यस्तै २०७७ असारमा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा बाँकी भएको रकम रू. ८२,६५८ कोरोना कोषमा रकमान्तर गरि सकेको।

**१९. ग्राहक संरक्षण कोष**

यस आर्थिक बर्षमा ग्राहक संरक्षण कोषमा खुद नाफाको १% ले हुने रकम रू.२३७,९४० व्यवस्था गरिएको छ । साथै यस आर्थिक बर्षमा ग्राहक संरक्षण कोषबाट रू ३१७,५०० खर्च गरिएको छ । वर्षान्तमा यस शिर्षक अन्तरगत रू.१,६५०,०९० रहेको छ । ग्राहक संरक्षण कोषमा भएको रकम Earmark गरि लगानी नगरेको ।

**२०. कर्मचारी वोनस**

बोनस ऐन, २०३० को व्यवस्था अनुसार कर व्यवस्था अघिको खुद नाफाको १० प्रतिशतले हुने रू. ३,७७७,६०२ कर्मचारी बोनस वापत

व्यवस्था गरिएको छ ।

**२१.कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा:**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७ बुँदा नं. ५ मा भएको व्यवस्था बमोजिम यस आर्थिक वर्षमा कुल रकम रू. ९८३,९३४ कर्मचारी तालिम तथा वृद्धि विकासमा खर्च गरिएको छ । जस मध्य रू. ४२,७८० कर्मचारी तालिम तथा वृद्धि विकास कोषबाट खर्च गरिएको छ ।

**२२.COVID 19 न्युनिकरण सम्बन्धमा:**

संस्थाले COVID 19 न्युनिकरणको लागि सबै शाखा र केन्द्रिय कार्यलयमा आवश्यक sanitizer, साबुन पानी, mask को उचित व्यवस्था मिलाएको र संस्थामा आउने जाने सदस्यहरूको contract tracingको लागि log book maintain गरेको ।

**२३. गत वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुर्नसमूहकरण तथा पुर्नवर्गिकरण गरिएको ।**

**२४.असुलगर्न बाँकी कमिशन**

संस्थाले असुलगर्न बाँकी कमिशनको विवरण यस प्रकार छन

| क्रमंश | विवरण | रकम (रु) |
|---|---|---|
| १ | एशियन लाइफ इन्स्योरेन्स | ५८,५९६ |
| २ | आइ.एम.इ. रेमिट | १०८,२०४ |
| ३ | प्रभु लाइफ इन्स्योरेन्स | ३७,०६८ |
| | **जम्मा** | **२०३,८६८** |

**२५. अग्रिम भुक्तानी**

अग्रिम भुक्तानी बापत रू. १३८,४३० भनेको संस्थाले गरेको अग्रिम बिमा शुल्कभुक्तानी हो ।

**२६. इ.प्रा. कमिशन वापत**

| क्रमंश | विवरण | रकम (रु) |
|---|---|---|
| १ | अभिकर्ता कमिशन | ३,७८६,४४८ |
| २ | रेमिटेन्स आय | २०४ |
| | **जम्मा** | **३,७८६,६५२** |

**२७. अन्य सञ्चालन आम्दानी-अन्य**

| क्रमंश | विवरण | रकम (रु) |
|---|---|---|
| १ | सदस्यता शुल्क | २५६,६०० |
| २ | कर्मचारी कर्जा ब्याज आम्दानी | ३६४,७८५ |
| | **जम्मा** | **६२१,३८५** |

* व्यवस्थापकीय निर्णय अनुसार मिति २०७६/०८/०१ देखि सदस्यता शुल्क लिन बन्द गरिएको ।

**२८. उपदान ब्यवस्था**

संस्थाले कर्मचारी सेवा विनियमावली अनुसार उपदान व्यवस्था यस आ.व.मा नगरेको ।

**२९. प्राविधिक सेवा शोधभर्ना.**

संस्थामा प्रयोग भएको software (Inoris Technologies - Banquier. MF) को ए.एम.सी बापत खर्च रू. ९१४,६२२ हो ।

**३०. गैर सञ्चालन आम्दानी/नोक्सान - अन्य**

संस्थाले प्राप्त गरेको फुटकर तथा अन्य सानातिना रकमको जम्मा रू. ७८,००९ रहेको छ । जसमध्य कर्मचारीले सेवा छाड्दा तिर्नुपर्ने रकम र बैंक रिकन्सिलेसन गर्दा भएको फरक लगायतका सानातिना आम्दानीहरू समावेश गरिएको छ ।

**३१. नेपाल राष्ट्र बैंकको परिपत्र सम्बन्धमा**

नेपाल राष्ट्र बैंकबाट मिति २०७७/०४/१३ मा जारी भएको परिपत्र बमोजिम ब्याजदर र सेवा शुल्क सम्बन्धी व्यवस्था संस्थाले २०७७/०४/१३ देखि लागु गरेको जस अर्न्तगत ब्याजदर १५% सबै कर्जा तथा सेवा शुल्क १.५% सबै कर्जामा (आकस्मिक कर्जामा बाहेक) ।

## संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

## २०७७ साल आषाढ मसान्तको

अनुसूची ४.२८

| क्र. सं. | संस्थापक/संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पुँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंक/वित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १. | | - | | | - | | |
| २. | | - | | | - | | |

## लेखापरिक्षण अघि तथा लेखापरिक्षण पछिको वित्तीय विवरणको तुलनात्मक विवरण
## २०७७ साल आषाढ मसान्तको

अनुसूची ४.२९

| क्र.सं. | विवरण | लेखापरिक्षण अघिको वित्तीय विवरण | लेखापरिक्षण पछिको वित्तीय विवरण | भिन्नता | | भिन्नताको कारण |
|---|---|---|---|---|---|---|
| | | | | रकम | % | |
| १ | पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म) | १,३४२,९०१.५४ | १,३३१,५९९.२० | (१०,२३८.१५) | | |
| १.१ | चुक्ता पुँजी | ११०,७४५.०० | १२७,३५६.७५ | १६,६११.७५ | | |
| १.२ | जगेडा तथा कोषहरू | ३२,५२६.१२ | १४,८८३.५० | (१७,६४२.६२) | (११८.५४) | स्थगन कर दायित्व तथा लेखापरिक्षण समायोजन |
| १.३ | ऋणपत्र तथा बन्ड | - | - | - | | |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ८६५,९०१.७७ | ८६५,९०१.७७ | (०.००) | | |
| १.५ | निक्षेप दायित्व (क+ख) | ३०३,९३२.८३ | ३०३,९४९.९७ | १७.१४ | ०.०१ | लेखापरिक्षण समायोजन |
| | क. सदस्यहरूबाट | ३०३,९३२.८३ | ३०३,९४९.९७ | १७.१४ | ०.०१ | लेखापरिक्षण समायोजन |
| | ख. सर्वसाधारणबाट | - | - | - | | |
| १.६ | आयकर दायित्व | १०,२६४.५३ | - | (१०,२६४.५३) | | लेखापरिक्षण समायोजन |
| १.७ | अन्य दायित्व तथा व्यवस्था | १९,५३१.२९ | १९,५०७.२१ | (२४.०८) | (०.१२) | लेखापरिक्षण समायोजन |
| २ | कुल सम्पत्ति (२.१ देखि २.७ सम्म) | १,३४२,९०१.५४ | १,३३२,४७३.५० | (१०,२३८.१५) | | |
| २.१ | नगद तथा बैंक मौज्दात | १०,८६८.२२ | १०,९३०.०९ | ६१.८७ | ०.५७ | लेखापरिक्षण समायोजन |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | २८,३०४.०१ | २८,३०४.०१ | ०.०० | ०.०० | |
| २.३ | लगानी | - | - | - | | |
| २.४ | कर्जा सापट | १,२७६,०३१.८६ | १,२७५,९८६.१६ | (४५.७०) | (०.००) | |
| २.५ | स्थिर सम्पत्ति | ८,६९७.१४ | ८,६९७.१४ | (०.००) | (०.००) | |
| २.६ | गैर बैकिङ्ग सम्पत्ति | - | - | - | | |
| २.७ | अन्य सम्पत्ति | १९,०००.३१ | ८,५५६.१० | (१०,४४४.२१) | (१२२.०७) | लेखापरिक्षण समायोजन |
| | नाफा नोक्सान हिसाब | | | | | |
| क्र.सं. | विवरण | लेखापरिक्षण अघिको वित्तीय विवरण | लेखापरिक्षण पछिको वित्तीय विवरण | भिन्नता | | भिन्नताको कारण |
| | | | | रकम | % | |
| ३.१ | व्याज आम्दानी | २०४,२१५.९३ | २०३,८३४.०० | (३८१.९३) | (०.१९) | लेखापरिक्षण समायोजन |
| ३.२ | व्याज खर्च | ११०,०६९.४१ | १०९,२२०.८५ | (८४८.५६) | (०.७८) | लेखापरिक्षण समायोजन |
| | क. खुद व्याज आम्दानी (३.१ - ३.२) | ९४,१४६.५२ | ९४,६१३.१५ | ४६६.६३ | ०.४९ | |
| ३.३ | कमिशन तथा डिस्काउन्ट | ३२,३३७.२८ | ३२,४६२.२६ | १२४.९८ | ०.३८ | लेखापरिक्षण समायोजन |
| ३.४ | अन्य संचालन आम्दानी | - | - | - | | |
| ३.५ | सटही घटवढ आम्दानी | - | - | - | | |
| | ख. कुल संचालन आम्दानी (क+३.३+३.४+३.५) | १२६,४८३.८० | १२७,०७५.४१ | ५९१.६१ | ०.४७ | |
| ३.६ | कर्मचारी खर्च | ४८,३८८.०६ | ४८,३८८.०६ | ०.०० | ०.०० | लेखापरिक्षण समायोजन |
| ३.७ | अन्य संचालन खर्च | २१,८०६.४६ | २१,८०६.४६ | ०.०० | ०.०० | लेखापरिक्षण समायोजन |
| | ग. व्यवस्था अघिको संचालन मुनाफा (ख-३.६-३.७) | ५६,२८९.२८ | ५६,८८०.८८ | ५९१.६० | १.०४ | |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरू | २५,८९८.४० | २५,९४४.१० | ४५.७० | ०.१८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ. संचालन मुनाफा (ग-३.८) | ३०,३९०.८८ | ३०,९३६.७९ | ५४५.९१ | १.७६ | |
| ३.९ | गैर संचालन आम्दानी र नोक्सान | ८६४.६९ | ७८.०१ | (७८६.६८) | (१,००८.४५) | लेखापरिक्षण समायोजन |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | ६,७६१.२२ | ६,७६१.२२ | (०.००) | (०.००) | |
| | ङ. नियमित कोरोबारबाट भएको मुनाफा (घ+३.९+३.१०) | ३८,०१६.७९ | ३७,७७६.०२ | (२४०.७७) | (०.६४) | लेखापरिक्षण समायोजन |
| ३.११ | असामान्य कारोवारहरू बाट भएको मुनाफा/खर्च | – | – | – | | |
| | च. सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (ङ+३.११) | ३८,०१६.७९ | ३७,७७६.०२ | (२४०.७७) | (०.६४) | लेखापरिक्षण समायोजन |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | (३,८०१.६८) | (३,७७७.६०) | २४.०८ | (०.६४) | लेखापरिक्षण समायोजन |
| ३.१३ | आयकर व्यवस्था | (१०,२६४.५३) | (१०,८०१.२८) | (५३६.७५) | ४.९७ | लेखापरिक्षण समायोजन |
| | छ. खुद नाफा/नोक्सान (च-३.१२-३.१३-३.१४) | २३,९५०.५८ | २४,३९०.८८ | ४४०.३० | १.८१ | स्थगन कर सम्पत्ति |

अनुसूची - ४.३०

## स्वीकृत विवरण पत्र तथा लेखापरिक्षण पछिको वित्तीय विवरणको तुलनात्मक विवरण
## २०७७ साल आषाढ मसान्तको

रू. हजारमा

| क्र.सं. | विवरण | स्वीकृत विवरणपत्र प्रक्षेपण | लेखापरिक्षण पछिको वित्तीय विवरण | भिन्नता | | Reasons |
|---|---|---|---|---|---|---|
| | | | | रकम | % | |
| १ | पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म) | १,०७३,९११ | १,३३२,४७४ | (१०,२३८) | | |
| १.१ | चुक्ता पुँजी | १०३,५०० | १२७,३५७ | २३,८५७ | १८.७३ | Due to bonus share issue. |
| १.२ | जगेडा तथा कोषहरू | ४३,३९५ | १४,८८४ | (२८,५११) | (१९१.५५) | Due to deferred tax liability and audit adjustment. |
| १.३ | ऋणपत्र तथा बन्ड | – | – | – | | |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ७०२,६०४ | ८६५,९०२ | १६३,२९८ | १८.८६ | Due to need for more fund. |
| १.५ | निक्षेप दायित्व (क+ख) | २१६,६०५ | ३०३,९५० | ८७,३४५ | | |
| | क. स्वदेशी मुद्रामा | २१६,६०५ | ३०३,९५० | ८७,३४५ | २८.७४ | Due to increase in member clients |
| | ख. विदेशी मुद्रामा | – | – | – | | |
| १.६ | आयकर दायित्व | १३,५०५ | – | (१३,५०५) | | Due to increase in profit as projected |
| १.७ | अन्य दायित्व तथा व्यवस्था | ७,८०७ | २०,३८१ | १२,५७४ | ६१.६९ | Due to increase in other financial aspects |
| २ | कुल सम्पत्ति (२.१ देखि २.७ सम्म) | १,०८७,४१७ | १,३३२,४७४ | (१०,२३८) | | |
| २.१ | नगद तथा बैंक मौज्दात | ७२,३१७ | १०,९३० | (६१,३८७) | (५६१.६४) | Due to the minimum liquidity management. |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ४०,२५१ | २८,३०४ | (११,९४७) | (४२.२१) | Due to the minimum liquidity management. |
| २.३ | लगानी | | – | – | | |
| २.४ | कर्जा सापट | ९४०,५७२ | १,२७५,९८६ | ३३५,४१४ | २६.२९ | Due to increase in Loanee clients |
| २.५ | स्थिर सम्पत्ति | १२,१४६ | ८,६९७ | (३,४४९) | (३९.६६) | |
| २.६ | गैर बैकिङ्ग सम्पत्ति | | – | – | | |
| २.७ | अन्य सम्पत्ति | २२,१३१ | ८,५५७ | (१३,५७४) | (१५९) | Due to increase in other financial aspects |

नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | स्वीकृत | लेखापरिक्षण पछिको वित्तीय विवरण | भिन्नता | | Reasons |
|---|---|---|---|---|---|---|
| | | | | रकम | % | |
| ३.१ | व्याज आम्दानी | १५९,९५२ | २०३,८३४ | ४३,८८२ | २१.५३ | Due to increase in Loanee clients |
| ३.२ | व्याज खर्च | ८९,१७७ | १०९,२२१ | २०,०४४ | १८.३५ | Due to decrease in borrowing as per projection |
| | क. खुद व्याज आम्दानी (३.१ - ३.२) | ७०,७७५ | ९४,६१३ | २३,८३८ | २५.२० | |
| ३.३ | कमिशन तथा डिस्काउन्ट | ३५,२४० | ३२,४६२ | (२,७७८) | (८.५६) | Due to decrease in rate of service charge and other income. |
| ३.४ | अन्य संचालन आम्दानी | – | – | – | | |
| ३.५ | सटही घटवढ आम्दानी | – | – | – | | |
| | ख. कुल संचालन आम्दानी (क+३.३+३.४+३.५) | १०६,०१५ | १२७,०७५ | २१,०६० | १६.५७ | |
| ३.६ | कर्मचारी खर्च | ३४,४८५ | ४८,३८८ | १३,९०३ | २८.७३ | Due to increase of staff than that of projection |
| ३.७ | अन्य संचालन खर्च | १९,५९५ | २१,८०६ | २,२११ | १०.१४ | Due to increase in operating expenses more than the projection. |
| | ग. व्यवस्था अघिको संचालन मुनाफा (ख-३.६-३.७) | ५१,९३५ | ५६,८८१ | ४,९४६ | ८.७० | |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरू | २,४२६ | २५,९४४ | २३,५१८ | ९०.६५ | Due to increase in default outstanding. |
| | घ. संचालन मुनाफा (ग-३.८) | ४९,५०९ | ३०,९३७ | (१८,५७२) | (६०.०३) | |
| ३.९ | गैर संचालन आम्दानी र नोक्सान | १० | ७८ | ६८ | ८७.१८ | Due to the unexpected miscellenous income. |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | – | ६,७६१ | ६,७६१ | १००.०० | Due to recovery of bad loan |
| | ङ. नियमित कोरोबारबाट भएको मुनाफा (घ+३.९+३.१०) | ४९,५१९ | ३७,७७६ | (११,७४३) | (३१.०९) | |
| ३.११ | असामान्य कारोवारहरू बाट भएको मुनाफा/खर्च | – | – | – | | |
| | च. सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा (ङ+३.११) | ४९,५१९ | ३७,७७६ | (११,७४३) | (३१.०९) | |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | (४,५०२) | (३,७७८) | ७२४ | (१९.१६) | Due to decrease in profit as projected |
| ३.१३ | आयकर व्यवस्था | (१३,५०५) | (१०,८०१) | २,७०४ | (२५.०३) | Due to decrease in profit as projected |
| ३.१४ | स्थगन कर आम्दानी/(खर्च) | – | ५९७ | ५९७ | १००.०० | Due to deferred tax assets. |
| | छ. खुद नाफा/नोक्सान (च-३.१२-३.१३-३.१४) | ३१,५१२ | २३,७९४ | (७,७१८) | (३२.४४) | |

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्याः ल.वि.सं.सु.वि. / गैर-स्थलगत / गणपति / ०७७ / ७८ /1249

मितिः २०७७/१०/०८

श्री गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड,
शुक्लागण्डकी-४, दुलेगौंडा, तनहुँ ।

**विषयः आर्थिक वर्ष २०७६/७७ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा प्रचलित आयकर ऐन/नियमावली तथा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार आर्थिक वर्ष २०७६/७७ सम्मको मुनाफाबाट २०७७ असार मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.११,०७,४५,०००।-(अक्षेरुपी एघार करोड सात लाख पैतालिस हजार मात्र)को १५ प्रतिशतले हुने बोनश शेयर रु.१,६६,११,७५०।-(अक्षेरुपी एक करोड छैसट्ठी लाख एघार हजार सात सय पचास मात्र) तथा ०.७९ प्रतिशत नगद लाभांश (बोनश सेयरको कर प्रयोजनार्थ) रु.८,७४,३०३।- (अक्षेरुपी आठ लाख चौहत्तर हजार तीन सय तीन मात्र) समेत जम्मा रु.१,७४,८६,०५३।- (अक्षेरुपी एक करोड चौहत्तर लाख छयासी हजार त्रिपन्न मात्र) लाभांश (बोनश र नगद) साधारण सभाबाट स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृती तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको ब्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ६/०७७ को बुँदा नं. १ को उपबुँदा नं. ११ मा सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थित हुन पर्नेछ । यस्तो उपस्थिति भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट समेत हुन सक्नेछ र सोको अभिलेख संस्थामा सुरक्षित राख्नु पर्नेछ भनी उल्लेख भएमोजिम समितिको बैठकमा भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट उपस्थित सञ्चालकहरुको अभिलेख राख्नु हुन ।

(ख) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं. १ को उपबुँदा नं. (घ) मा .....सर्वसाधारणको जानकारीको लागि वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण र यस निर्देशनको पुँजीकोष तालिका ( अनुसूची नं.४.२४/४.२४ (क)) र प्रमुख सूचकाङ्क (अनुसूची नं. ४.२५) अनुसारको विवरण राष्ट्रियस्तरका संस्थाको हकमा राष्ट्रियस्तर र क्षेत्रीयस्तरका संस्थाको हकमा क्षेत्रीय वा जिल्लास्तरका पत्रिकामा आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ भनी उल्लेख भएबमोजिम तोकिएको समयावधिमा प्रकाशित गर्नु हुन ।

(ग) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७ को बुँदा नं. ६ को उपबुँदा नं. ३(च) मा संस्थाले कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समिक्षा गरी Succession Planning तयार गर्नुपर्ने व्यवस्था भएबमोजिम संस्थाले Succession Planning तयार गरी लागु गर्नु हुन ।

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७, को निर्देशन नं. ११/०७७ को बुंदा नं. २ (२.२) बमोजिम इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले कर्जा सूचना केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण केन्द्रको अनलाइन प्रणालीमा तोकिएको ढाँचामा कर्जा सम्बन्धी विवरण महिना भुक्तान भएको १५ दिनभित्र अद्यावधिक गर्ने तथा कर्जाको विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र ऋणीको कर्जा चुक्ता नभएसम्म कर्जा सूचना केन्द्रमा पठाउनु पर्ने व्यवस्था बमोजिम सबै कर्जाहरुको विवरण कर्जा सूचना केन्द्रमा पठाई अद्यावधिक गर्नु हुन ।

(ङ) संस्थामा गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.को २१.७४ प्रतिशत संस्थापक शेयर रहेको देखिएका सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १०/०७७ को बुँदा नं. ६ बमोजिम इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको १० प्रतिशत मात्र संस्थापक शेयरमा लगानी गर्न सकिने व्यवस्था रहेकोले उक्त संस्थाले उल्लिखित सीमाभन्दा बढी संस्थापक शेयर धारण गरे/नगरेको यकीन गरी सो सीमाभन्दा बढी भएमा सो सीमाभित्र नल्याएसम्म प्रस्तावित नगद लाभांश तथा बोनश वितरण रोक्का राख्ने व्यवस्था मिलाउनु हुन ।

(च) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ६/०७७ को बुँदा नं. ६ को उपबुँदा नं. ५ मा भएको व्यवस्था बमोजिम सम्पत्ति शुद्धीकरण समिति पुनर्गठन गरी जानकारी दिनु हुन ।

(छ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. ४/०७७ को बुँदा नं. ३ को उपबुँदा नं. १३ मा भएको व्यवस्था बमोजिम लेखा सम्बन्धी टिप्पणीहरुमा सञ्चालकहरु सबैले प्राप्त गरेको भत्ता तथा सुविधा र प्रमुख कार्यकारी अधिकृतले प्राप्त गरेको पारिश्रमिक तथा अन्य सुविधाहरु छुट्टाछुट्टै देखिने गरी उल्लेख गर्नु हुन ।

(ज) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७७ को निर्देशन नं. १५/०७७ को बुँदा नं. २ को उपबुँदा नं. (१) मा भएको व्यवस्था भन्दा फरक नहुने गरी मात्र बचत संकलन कार्य गर्नु हुन ।

(झ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम यस बैंकको निर्देशन अनुसार संस्थामा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गरी जानकारी गराउनु हुन ।

(ञ) संस्थाको आन्तरिक र बाह्य लेखापरीक्षक तथा यस बैंकको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले औंल्याइएका अन्य कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(यामलाल सुवेदी)
उप-निर्देशक

**बोधार्थ :**
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।

क. निर्देशन बमोजिम भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट सञ्चालक समितिको बैठक बसेमा बैठक बसेको अभिलेख राख्नेछौं ।
ख. निर्देशन बमोजिम संक्षिप्त वार्षिक वित्तीय विवरणहरू तोकिएको समय भित्र प्रकाशित गर्नेछौ ।
ग. निर्देशन बमोजिम कर्मचारी नीति तथा कार्यरत कर्मचारी संरचनाको समिक्षा गरि Succession Planning तयार गरि लागु गर्नेछौं ।
घ. निर्देशन बमोजिम सबै कर्जाहरूको विवरण कर्जा सूचना केन्द्रमा तोकिएको समय भित्र पठाई अद्यावधिक गर्नेकार्य भईरहेको तथा चाडै सबै विवरणहरू अद्यावधिक गर्नेछौं ।
ङ. निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन अनुसार नगद लाभांश तथा बोनस वितरण गर्नेछौं ।
च. निर्देशन बमोजिम छिट्टै सम्पत्ति शुद्धिकरण समिति पुनर्गठन गरि जानकारी गराउनेछौं ।
छ. निर्देशन बमोजिम लेखा सम्बन्धी टिप्पणीहरूमा सञ्चालकहरूले प्राप्त गरेको भत्ता छुट्टा छुट्टै देखिने गरि उल्लेख गरिएको छ ।
ज. निर्देशन बमोजिमनै बचत संकलन कार्य भईरहेको छ ।
झ. निर्देशन बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गरि जानकारी गराउनेछौं ।
ञ. निर्देशन बमोजिम आन्तरिक र बाह्य लेखापरीक्षकद्वारा औंल्याइएका कैफियतहरू सुधार गर्दै लगिनेछ ।

| आर्थिक वर्ष | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७(माघ) |
|---|---|---|---|---|---|
| सदस्य | ३,९४६ | १०,१८९ | १६,१२९ | २३,४५४ | २६,५९१ |
| ऋणी सदस्य | २,७२५ | ७,८४९ | १०,३९३ | १४,४६८ | १६,१६४ |
| शाखा | १० | २० | २८ | ३६ | ३६ |
| कर्मचारी | ८७ | १०४ | १४९ | १९२ | १८३ |
| कर्जा | १५६,५४४,०५९ | ५४२,७८८,३१२ | ८८८,५८९,००५ | १,३०६,२१४,५६५ | १,५५१,९२०,३२३ |
| बचत | १७,२२१,४९८ | १२४,९७८,८०४ | २३७,२३४,६०५ | ३०३,९४९,९७१ | ४०५,६५३,०८४ |
| चुक्ता पुँजी | ७०,०००,००० | ७०,०००,००० | ११०,७४५,००० | १२७,३५६,७५० | १२७,३५६,७५० |
| खुद नाफा | (१२,१०५,५०२) | (२,५८२,२२०) | ३०,११५,३४० | २३,७९४,००८ | ३१,९२७,२८९ |

**सदस्य तथा ऋणी सदस्य बृद्धि**




**कर्जा तथा बचत बृद्धि**




**शाखा तथा कर्मचारी संख्या बृद्धि**




**चुक्ता पुँजी तथा खुद नाफा बृद्धि**



# व्यवस्थापन समूह



श्री अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत



श्री विष्णु प्रसाद ढकाल
नायब प्रमुख कार्यकारी अधिकृत



श्री अनित जंग पाण्डे
नायव प्रबन्धक
प्रमुख
लेखा वित्त तथा सूचना प्रविधि विभाग

## हाम्रा सेवाहरू :

- विपन्न वा निम्न आय भएका व्यक्तिलाई लघु व्यवसाय सञ्चालन गर्न लघु कर्जा तथा लघु उद्यम कर्जा उपलब्ध गराउने ।
- मौषमी कर्जा उपलब्ध गराउने ।
- धारा, चर्पी, घरघडेरी निर्माण तथा मर्मत आदि गर्न कर्जा उपलब्ध गराउने ।
- नविकरणीय कर्जा प्रविधि अन्तर्गत लघु जलविद्युत परियोजना, घरेलु सौर्य विद्युत प्रणाली, सौर्य चुलो, वायो ग्याँस, सुधारिएको पानीघट्ट, सुधारिएको चुलो आदिको लागि कर्जा दिने ।
- वित्तीय संस्थासंग आबद्ध सदस्यहरुका छोराछोरीको व्यवसायिक तथा आर्थिक उत्थान गराउने उद्देश्यले शैक्षिक कर्जा उपलब्ध गराउने ।
- घरेलु उद्योग, यातायात क्षेत्र, खाद्य प्रशोधन, व्यवसायिक खेती आदि सञ्चालन गर्न लघु उद्यम कर्जा दिने ।
- गलैंचा बुन्न, तान राख्न, शीत भण्डारण बनाउन, साना सिँचाई कुलो बनाउन, स्यालो ट्युवेल जडान गर्नका लागि कर्जा दिने ।
- आवश्यकता अनुसार वैदेशिक रोजगार कर्जा दिने ।
- समूह सदस्यहरुलाई नियमित बचत गर्ने बानी बसाल्नका लागि समूह बचत, व्यक्तिगत बचत लगायतका बचतहरुको व्यवस्था गरिएको छ ।
- समूह सदस्यहरुको भविष्य सुनिश्चित गर्न पेन्सन बचत, केन्द्र बचत आदिको व्यवस्था गरिएको छ ।


**केन्द्रीय कार्यालय :**
**शुक्लागण्डकी नगरपालिका-३, दुलेगौंडा, तनहुँ**
**फोन नं.: ०६५-४१४२४७, ४१४२९७**
ईमेल :- info@ganapatimicro.com.np
वेवसाइट:- www.ganapatimicro.com.np


गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड
★ २०७३ ★

"गरीबी निवारणमा तपाईको परिश्रम, हाम्रो साथ"